# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(......................प्रशासन शाखा)

महान्यायाधिवक्ताको कार्यालय नेपाल

रामशाहपथ काठमाडौं

पत्र संख्या :- ०७२।७३

चलानी नं. :- ५५३

मिति :- २०७२/११/२०

बिषय : अधिकार प्रत्यायोजन सम्बन्धमा ।

श्री पुनरावेदन सरकारी वकील कार्यालयहरु
(इलाम, धनकुटा, बिराटनगर, राजविराज, जनकपुर, हेटौंडा, पाटन, पोखरा, वाग्लुङ, वुटवल, तुल्सीपुर, नेपालगञ्ज, सुर्खेत, जुम्ला, दिपायल, महेन्द्रनगर,)

उपर्युक्त बिषयमा सर्वोच्च अदालतमा पुनरावेदन नलाग्ने मुद्दाहरुमा पुनरावेदन अदालतले गरेको फैसला वा अन्तिम आदेश उपर न्याय प्रशासन ऐन, २०४८ को दफा १२ को उपदफा १ को (क)(ख)(ग)(घ) को अवस्था विध्यमान नभई सरकारी वकील सम्वन्धी नियमावली, २०५५ को नियम २१ बमोजिम मुद्दा दोहोऱ्याउन उपयुक्त छैन भन्ने सम्वन्धित पुनरावेदन सरकारी वकील कार्यालयका सहन्यायाधिवक्तालाई लागेमा देहायको शर्तको अधिनमा रही मुद्दा दोहोऱ्याउने निवेदन नगर्ने निर्णय गर्न सक्ने अधिकार सरकारी वकील सम्वन्धी नियमावली, २०५५ को नियम ३८(४) बमोजिम पुनरावेदन सरकारी वकील कार्यालयका सहन्यायाधिवक्तालाई माननीय महान्यायाधिवक्ताज्यूबाट अधिकार प्रत्यायोजन भएको व्यहोरा मिति २०७२।११।१ को निर्णयानुसार अनुरोध छ ।

१. सम्वन्धित पुनरावेदन सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ताले मुद्दा दोहोऱ्याउन उपयुक्त छैन भनि गरेको निर्णयको जानकारी निर्णय भएको मितिले तीन दिन भित्र विद्युतिय माध्यमबाट महान्यायाधिवक्ताको कार्यालयमा पठाउने ।

२. निर्णयको जानकारी पठाउदा सम्वन्धित पुनरावेदन सरकारी वकील कर्यालयका सहन्यायाधिवक्ताबाट भएको निर्णयको प्रतिलिपीको साथमा शुरु र पुनरावेदन अदालतबाट भएको फैसलाको प्रतिलिपी समेत संलग्न हुनुपर्ने ।

३. सम्वन्धित पुनरावेदन सरकारी वकील कार्यालयबाट प्राप्त निर्णय र अदालतबाट भएको फैसला समेत अध्ययन गर्दा मुद्दा दाहोऱ्याउने निवेदन गर्नुपर्ने देखेमा मिसिल झिकाइ महान्यायाधिवक्ताको कार्यालयका सम्वन्धित क्षेत्र हेर्ने नायव महान्यायाधिवक्ताले सर्वोच्च अदालतमा मुद्दा दोहोऱ्याउने निवेदन गर्ने ।

०७२।११।२०

गजराज घिमिरे
शाखा अधिकृत

☎ : ४-२६२३९४, ४-२६२६९५, ४-२४०२१०, ४-२१२०४७, फ्याक्स :- ४-२६२५८२, ४-२१८०५१

D:\प्रशासन शाखा आ.व.२०७१...\अफिस फोल्डर\All lette/ अन्य...